बेलौरी कञ्चनपुर सुदूरपश्चिम प्रदेश, नेपाल

## बेलौरी नगरकार्यपालिकाको मिति २०८३।०३।२६ गते बसेको बैठकका निर्णयहरु

**निर्णय नं. १)** आगामी आ.व २०८३।०८४ का लागि जग्गाको न्यूनतम् मूल्याङ्कन लागि यस नगरपालिका वडा नं. १ देखि वडा नं. १० सम्म तपसिल बमोजिमको जग्गाको न्यूनतम् मूल्याङ्कन गर्न भूमि प्रशासन कार्यालय, बेलौरीलाई सुझाव उपलब्ध गराउने ।

तपसिलः

| वडा नं. | विवरण | कृषि क्षेत्र | गैर कृषि क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | लक्ष्मीपुर - ५, ६ र ७ | यथावत | यथावत | |
| २ | लक्ष्मीपुर - १, २, ३, ४ र ८ | यथावत | यथावत | |
| ३ | लक्ष्मीपुर - ९ | यथावत | यथावत | |
| ४ | श्रीपुर ४ र ५ | यथावत | यथावत | |
| ५ | श्रीपुर १ र २ | यथावत | यथावत | |
| ६ | श्रीपुर ३, ६, ८ र ९ | यथावत | यथावत | |
| ७ | श्रीपुर ७ | यथावत | यथावत | |
| ८ | रामपुर विलासीपुर - ५, ६, ७ | यथावत | यथावत | |
| ९ | रामपुर विलासीपुर - ८ र ९ | यथावत | यथावत | |
| १० | रामपुर विलासीपुर - २, ३ र ४ | यथावत | यथावत | |

**निर्णय नं. २)** बेलौरी नगरपालिकाका वडा नं. १, २, ६, ८ र १० भित्रपर्ने अन्तर्राष्ट्रिय सीमासँग जोडिएका कित्ताहरूको न्यूनतम मूल्याङ्कनका सम्बन्धमा आ.व. २०८२/०८३ मा बेलौरी नगपालिकाको जग्गा मूल्याङ्कन कायम गरिएको थैलीमा ५०% का दरले घटाउने ।

**निर्णय नं. ३)** बेलौरी नगरपालिका वडा नं ५ मा पर्ने दोदा नदीले छोएका कित्ताहरुको न्यूनतम मूल्याङ्कनका सम्बन्धमा आ.व. २०८२/०८३ मा बेलौरी नगपालिकाको जग्गा मूल्याङ्कन कायम गरिएको थैलीमा ५०% का दरले घटाउने ।

**निर्णय नं. ४)** प्रस्ताव नं. ४ माथि छलफल गर्दा तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने ।

क) विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८३ को (पहिलो संशोधन, २०८३) स्वीकृत गर्ने।

ख) मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने।

ग) विवाहपूर्व सिकलसेल र थालासेमिया जाँच सम्बन्धी कार्यविधि, २०८३ स्वीकृत गर्ने।

**निर्णय नं. ५)** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस बेलौरी नगरपालिकाको "फोहोरमैला व्यवस्थापन ऐन, २०७५" को परिच्छेद-७, दफा २१ को 'फोहोरमैला व्यवस्थापन समिति सम्बन्धी व्यवस्था' अन्तर्गत उपदफा (२) को खण्ड (ग) र (च) मा भएको व्यवस्था बमोजिम नगरस्तरीय फोहोरमैला व्यवस्थापन समितिमा तपसिल बमोजिमका पदाधिकारी तथा व्यक्तिहरूलाई सदस्य पदमा मनोनित गर्ने।

तपसिलः

१. **दफा २१ (२) (ग) बमोजिमः (वडा अध्यक्षहरूमध्येबाट मनोनित दुई जना)**

क) श्री अर्जुन ढकाल (वडा अध्यक्ष, वडा नं. ४) - सदस्य

ख) श्री लाल बहादुर चौधरी (वडा अध्यक्ष, वडा नं. ५) - सदस्य

२. **दफा २१ (२) (च) बमोजिमः (फोहोरमैला प्रभावित क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूमध्येबाट एक महिला सहित मनोनित दुई जना)**

क) श्री डम्बर सिंह धामी - सदस्य

ख) श्री इश्वरी विष्ट - सदस्य

खेम राज जोशी
प्रमुख प्रशासकीय अधिकृत